# लघुवित्तमा पहुँच

फर्स्ट माइक्रोफाइनान्स लघु वित वित्तीय संस्था लि.

First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

First Microfinance समाचारपत्र

अंक १७ www.fmdb.com.np २०७४ चैत्र


यस अंकमा

१) लघुवित्तमा अनुगमन तथा सुपरिवेक्षण

२) संस्थागत सुशासन तथा अनुपालना सम्बन्धी सेमिनार

३) कोहलपुरमा शाखा व्यवस्थापन तालिम

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि एक झलक (२०७४ चैत्र मसान्त)

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १ | लघुवित्त सेवा पुगेको जिल्ला | ४५ |
| २ | लगानीमा रहेको ऋण | ३९० करोड |
| ३ | लघुवित्त सेवाबाट लाभान्वित ग्राहक सदस्य | १०७१४४ |
| ४ | साझेदार लघुवित्त संस्थाहरु | १३७ |
| ५ | साझेदार कर्जा प्रदायकहरु | २३ |

## सञ्चालक शिक्षा कार्यक्रम

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.ले २०७४ चैत्र १८ गतेका दिन काठमाण्डौमा १ दिवसीय सञ्चालक शिक्षा कार्यक्रम (नियमन, संस्थागत सुशासन, लघुवित्त क्षेत्रका विद्यमान सवालहरु) विषयक अभिमुखीकरण) सम्पन्न गरेको छ। बैक तथा वित्तीय संस्था ऐन २०७३ एवं नेपाल राष्ट्र बैंक द्वारा घ वर्गका लघु वित्त वित्तीय संस्थाहरुका लागि जारी गरिएको निर्देशनमा व्यवस्था गरिए बमोजिम लघुवित्त वित्तीय संस्थाका सञ्चालकहरुको काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई स्पष्ट पार्ने उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रममा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका ६ जना सञ्चालकहरु तथा व्यवस्थापन टिमका ५ जना सहित कुल ११ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक लघुवित्त प्रवर्द्धन तथा सुपरीक्षण विभागका कार्यकारी निर्देशक श्री जनक बहादुर अधिकारीले लघुबित्त बित्तीय संस्थाहरुको जोखिम व्यवस्थापन(Risk Management), पारदर्शिता (Transparency), खुलाशा (Disclosure), स्वार्थको द्वन्द (Conflict of Interest), अनुपालना (Compliance) तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरु (International Best Practices) विषयमा र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेलले संस्थागत सुशासन र नेपाल राष्ट्र बैंकबाट जारी भएका एकीकृत निर्देशनहरु सम्बन्धी प्रशिक्षण दिनु भएको थियो। सोही अवसरमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थी तथा का.मु. नायब प्रमुख कार्यकारी अधिकृत श्री दानराज पन्तले लघुवित्त वित्तीय संस्थाहरु लगायत फर्स्ट माइक्रोफाइनान्सको बर्तमान वित्तीय अवस्था र समस्याका वारेमा जानकारी गराउनु भएको थियो ।




कार्यक्रमको अन्तमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका अध्यक्ष श्री सुरेन्द्र राज रेग्मीले प्रशिक्षणका लागि पाल्नु भएका नेपाल राष्ट्र बैंकका

कार्यकारी निर्देशकहरुलाई अति व्यस्त समयका बाबजुत पनि कार्यक्रममा आई प्रशिक्षण दिनु भएकोमा हार्दिक आभार प्रकट गर्दै फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका सञ्चालक एवं व्यवस्थापन टिमलाई सक्रिय सहभागिताका लागि धन्यवाद दिई कार्यक्रमको समापन गर्नु भएको थियो ।

# लघुवित्तमा अनुगमन तथा सुपरीवेक्षण

कुनै पनि संघ संस्थाले गरेका कार्यमा नियमित तथा प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था भएमा मात्र समयमा समस्याको पहिचान हुन गई समाधानका उपायहरु अवलम्बन गर्न सकिन्छ । संस्था भित्र प्रभावकारी सुपरिवेक्षणले संस्था निर्दिष्ट उद्देश्य तर्फ उन्मुख भए नभएको सूचना व्यवस्थापन पक्षलाई समयमा नै उपलब्ध हुन सक्तछ । जसले गर्दा संस्थालाई तत्काल तथा दिर्घकालिन असर पार्ने विषयमा आवश्यक निर्णय लिन व्यवस्थापनलाई मद्दत पुग्दछ । अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी भएमा संस्थामा सुशासन कायम हुन गई, जोखिम व्यवस्थापनमा सघाउ पुग्नुका साथै कार्य सम्पादनलाई गुणस्तरीय तथा नतिजामुखी बनाउन सकिन्छ । यसवाट सेवा ग्राही सदस्य, सरोकारवाला तथा आम जनमानसमा संस्था प्रति विश्वसनियता बढ्न गई लघु वित्त बजारमा संस्थाको छवि उच्च बनाउन समेत सहयोग पुग्दछ । सफल लघुवित्त कार्यक्रमको मेरुदण्ड नै सघन रुपमा गरिने सुपरिवेक्षण र अनुगमन हो ।

## अनुगमन (Monitoring)

संस्थाले राखेको लक्ष्य तथा कार्यनीति अनुरुप संस्था अगाडि बढे नबढेको र लक्ष्यको आधारमा प्रगति भए नभएको मुल्यांकन गरि कार्यन्वयन गराउने प्रकृया नै अनुगमन हो । अनुगमनले कुनै पनि कार्यको प्रभावकारीता जाँच गर्न सहयोग गर्दछ र लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन हाल सञ्चालनमा आएका अभ्यास तथा प्रकृया सहि भए नभएको जांच गरि सुधार गर्नु पर्ने भएमा तत्कालै सुधारका लागि उपायहरुको खोजी गरि कार्यान्वयनमा जोड दिन्छ । अनुगमन कार्य संस्था भित्रकै अनुगमनका लागि जिम्मेवार समिति, व्यवस्थापनका उच्च तहका कर्मचारी तथा अन्य जिम्मेवारी तोकिएका व्यक्ति, ऋण प्रदायक एवं अन्य गैर वित्तीय सहयोग गर्ने निकाय वा संस्थाहरुवाट गर्ने गरिन्छ ।

## सुपरीबेक्षण (Supervision)

संस्थाको निर्णय तथा काम कारवाहीहरु नीति नियम अनुसार भए नभएको लेखा-जोखा गर्ने कार्यलाई सुपरिबेक्षण भनिन्छ । सुपरीवेक्षकीय कार्य नियामक निकाय, ऋण प्रदायक संस्थाहरु एवं अन्य सरोकारवाला निकायहरुले गर्ने गर्दछन ।

अनुगमन तथा सुपरीवेक्षण कार्यले लघुवित्त वित्तीय संस्थामा देहाय बमोजिमका कार्यमा सहयोग पुर्‍याउदछ ।

**क**) संस्थाका नीति निर्देशिका वमोजिम संस्थाको कार्य सञ्चालन भए नभएको सो को जांच गर्न गराउन
**ख**) कर्मचारीहरुलाई लक्ष्य प्राप्तीको लागि मार्ग दर्शन, उत्प्रेरणा, निर्देशन तथा सुझाव प्रदान गर्न
**ग**) संस्थाको प्रगति, बजेट तथा खर्च योजना अनुसार भए नभएको मापन गर्न
**घ**) लघुवित्त संस्थाका शाखा कार्यालयहरुमा कार्यरत कर्मचारीको कार्यदक्षता र क्षमताको मूल्यांकन गर्न
**ङ**) साधन श्रोतहरुको व्यवस्थापन,उपयोग तथा उत्पादकत्व मापन गर्नु
**च**) व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन

## अनुगमन तथा सुपरीवेक्षणको क्षेत्र

अनुगमन तथा सुपरीवोण कार्यले संस्था सञ्चालन तथा व्यवस्थापनका देहाय बमोजिमका क्षेत्रलाई समेटदछ ।

**क**)संस्थागत संरचना, अधिकार तथा जिम्मेवारी बाँडफाँड
**ख**) संस्थाका लक्ष तथा उद्देश्य
**ग**)नीति, कार्य विधि तथा कार्य प्रणालीको विकास तथा पालना
**घ**) संस्थागत सुशासन
**ङ**) आन्तरिक नियन्त्रण प्रणाली
**च**) जनशक्ति व्यवस्थापन तथा परिचालन
**छ**) लेखा तथा अभिलेख व्यवस्थापन

**ज**) कर्जा व्यवस्थापन
**झ**) केन्द्र तथा समूह व्यवस्थापन
**ञ**) व्यवस्थापन सूचना प्रणाली
**ट**) जोखिम व्यवस्थापन तथा अनुपालना
**ठ**) सम्पत्ति सामानको व्यवस्थापन

## अनुगमन तथा सुपरीवेक्षण विधि

लघुवित्त वित्तीय संस्थामा अनुगमन तथा सुपरिवेक्षण मुख्यतय दुई विधीवाट गर्न सकिन्छ ।

(क) गैर स्थलगत सुपरीवेक्षण (Off-site Monitoring & Supervision):-सम्बन्धित संस्थाबाट प्राप्त प्रतिवेदन तथा अन्य जानकारीमुलक विवरणहरुका आधारमा विभिन्न पक्षहरुको जाँच गरिन्छ ।

(ख) स्थलगत सुपरीवेक्षण (On- Site Monitoring & Supervision) :- सम्बन्धित संस्थाको कार्यालय ( केन्द्रीय /शाखा/ केन्द्र/समूह/ग्राहक सदस्य) )मा गई स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरिन्छ

## स्थलगत सुपरीवेक्षणलाई दुई भागमा विभाजन गरिन्छ ।

**क**)नियमित अनुगमन तथा सुपरीवेक्षण-यो नियमित रुपमा गरिने अनुगमन तथा सुपरीवेक्षण हो

**ख**) विशेष (Specific) अनुगमन तथा सुपरीवेक्षण- यो आवश्यकता अनुसार कुनै पनि समयमा सम्बन्धित स्थलमा गई गर्न सकिने अनुगमन तथा सुपरिवेक्षण हो ।

## गैर-स्थलगत अनुगमन तथा सुपरीवेक्षण (off site Monitoring & Supervision)

यस प्रकारको अनुगमन तथा सुपरीवेक्षणमा अनुगमन गर्ने संस्था वा कार्यालयको प्रगति प्रतिवेदन एवं अन्य आवश्यक जानकारी प्राप्त गरिन्छ । ती प्रगति विवरणहरु विश्लेषण गरी संस्था वा कार्यालयले लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको, संस्थाका नीति नियमहरुको पालना गरे नगरेको आदि कुराको एकिन गरिन्छ र एकिन गर्ने क्रममा पहिचान गरिएका कमि कमजोरी तथा समस्याहरको समाधानको लागि सुझाव दिइन्छ । समयमा प्राप्त नहुने सूचनाको महत्व कम हुने भएकोले गैर स्थलगत सुपरीवेक्षणमा प्रतिवेदनहरु समय भित्र नै पुग्न आवश्यक हुन्छ ।

## ख. स्थलगत सुपरीवेक्षण (Onsite supervision)

स्थलगत सुपरीवेक्षणको महत्वपूर्ण पक्ष भनेको संस्था वा कार्यालय वा शाखामा नै गरिने भएकोले सुपरीवेक्षण गरिने विषयहरु आफ्नो आँखाले अवलोकन गर्न सकिन्छ । गैर स्थलगत सुपरीवेक्षणबाट प्राप्त परिमाणात्मक सूचनाहरुलाई प्रष्ट्याउन तथा पूर्णता प्रदान गर्न र संस्था वा कार्यालय वा शाखाको गुणात्मक परीक्षण गर्नको लागि स्थलगत रुपमा विस्तृत निरिक्षण गरिन्छ । कुनै पनि संस्थाको वित्तीय अवस्था,व्यवस्थापनको प्रभावकारिता, नीति तथा प्रकृयाहरुको पालना भए नभएको सम्बन्धमा जाँच गर्न संस्थाका सबै पक्षको परीक्षण गर्नु पर्दछ र यस पुर्व दिएको सुझावहरु कार्यान्वयन भए नभएको समेत एकिन गर्नुपर्दछ ।

### १) स्थलगत सुपरीवेक्षणको कार्य तालिका बनाउने

प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुगमन तथा सुपरीवेक्षण इकाईले आगामी वर्ष गरिने स्थलगत निरीक्षणको कार्य तालिका बनाउनु पर्दछ । गैह्र स्थलगत निरीक्षणमा देखिएका कमी कमजोरीहरुलाई दृष्टिगत गर्दै अनुगमन तथा निरीक्षणका लागि प्राथमिकता निर्धारण गर्नु पर्दछ ।

### २) स्थलगत सुपरीवेक्षणको तयारी

राम्रो तयारी अनुगमन तथा सुपरीवेक्षणको सफलताको लागि महत्वपूर्ण हुन्छ । शाखा कार्यालयको निरीक्षण गर्नको लागि अनुगमन सुपरिवेक्षण गरिने शाखाको फाईल अध्ययन गरिनु पर्दछ । जस अन्तर्गत निम्न कुराहरुलाई विचार गर्नुपर्दछ ।

- शाखा कार्यालयले पेश गरेको पछिल्ला प्रतिवेदनहरु
- यस अघि स्थलगत निरिक्षण गरिएका निरीक्षण प्रतिवेदन ।

- हालसालै आन्तरिक लेखा परीक्षण भएका वित्तीय विवरणहरु
- हालसालै गरिएको शाखा कार्य योजना तथा प्रक्षेपित वित्तीय विवरण
- सुधारका लागि चालिएका उपाय र यी उपाय अवलम्बनबाट भएको सुधार

**ग. स्थलगत सुपरीवेक्षण प्रक्रिया (On–site supervision Process)**

(१) सम्बन्धित कर्मचारीसंग प्रारम्भिक बैठक

२)नीति,नियम,निर्देशन,कार्यविधी,परिपत्र,आदिको अध्ययन

३) केन्द्र बैठक तथा शाखा कार्यालय निरीक्षण

४) नगद तथा आर्थिक कारोवारको परीक्षण

(५) कार्यालय सम्पत्तिहरुको परीक्षण

(६) वित्तीय प्रतिवेदनहरुको विश्लेषण

(७) कार्यक्रम (तालिम, शिक्षा, गोष्ठि) परीक्षण

(८) योजना तथा बजेटको परीक्षण

(९)आन्तरिक नियन्त्रणको तथा जोखिम व्यवस्थापन प्रणालीको जांच

(१०) कर्मचारीसँग अर्न्तवार्ता

(११) ग्राहक सदस्यहरुहरुसँग भेटघाट

१२) कर्जा सदुपयोगिता निरीक्षण

१३) सुरक्षा प्रणालीको जांच तथा निरीक्षण

(१४)अनुगमन तथा सुपरिवेक्षणको समष्टिगत समीक्षा

**प्रतिवेदन**

प्रतिवेदनको मुख्य उद्देश्य सूचनाहरुलाई स्पष्ट रुपमा प्रस्तुत गर्न सकिने गरी संक्षेपमा तयार गर्नु हो र यसलाई तयार गर्दा अत्यावश्यक कुराहरुमा केन्द्रित गरी वर्णनात्मक कुराहरुलाई सीमित गर्नुपर्दछ । प्रतिवेदनमा समेट्नु पर्ने प्रमुख बुँदाहरु निम्न बमोजिम हुनेछन् ।

- ❖ शाखा व्यवस्थापन
- ❖ आन्तरिक नियन्त्रण प्रणाली
- ❖ बाह्रय तथा आन्तरिक नीति नियमको पालनाको स्थिति
- ❖ लेखा तथा अभिलेख जाँच
- ❖ ऋणको गुणस्तर
- ❖ केन्द्रको गुणस्तर
- ❖ वित्तीय विश्लेषण
- ❖ कुनै कर्मचारीबाट संस्थाको अहित हुने किसिमको काम भए नभएको
- ❖ सुरक्षा व्यवस्था
- ❖ कार्यक्रमले लक्षितवर्गमा सकारात्मक प्रभाव पारे नपारेको
- ❖ समष्टिगत मूल्याङ्कन
- ❖ ध्यान दिनुपर्ने मुख्य बुँदाहरु
- ❖ सुधारको लागि सुझावहरु

## संस्थागत सुशासन तथा अनुपालना सम्बन्धी सेमिनार

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.ले २०७४।१०।११ गतेका दिन साझेदार सहकारी संस्थाहरुका लागि संस्थागत सुशासन तथा अनुपालना सम्बन्धी सेमिनार सम्पन्न गरेको छ । साझेदार सहकारी संस्थाहरुको संस्थागत सुशासन कायम राख्न तथा नियामक निकायसंग सम्बन्धित उत्तरदायित्व वहन गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ आयोजना गरिएको उक्त सेमिनारमा १३ जिल्लाबाट २१ वटा संस्थाका ३६ जनाको सहभागिता रहेको थियो । उक्त सेमिनारको उद्घाटन सत्रका प्रमुख अतिथी सहकारी विभागका उपरजिष्ट्रार श्री नारायण प्रसाद ज्ञवालीले मन्तव्यको क्रममा सहकारी ऐन २०७४ ले सहकारी संघ संस्थाहरुको संस्थागत सुशासनलाई अझ बढि व्यवस्थित बनाउने प्रयास गरेको बताउनु भएको थियो । त्यसै गरि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन)का बरिष्ठ उपाध्यक्ष श्री परितोष पौड्यालले सहकारी सिद्धान्त अनुरुप वित्तीय कारोवार गर्ने सहकारी संस्थाले संस्थागत सुशासन कायम गर्नुपर्नेमा जोडदिनु भएको थियो ।




उक्त सेमिनारमा सहकारीमा सुशासनका अवधारण र सवालहरु विषयमा फर्स्ट माइक्रोफाईनान्सका व्यवसाय विकास तथा सामान्य सेवा प्रमुख–बाबुराम न्यौपाने तथा कर्जा प्रशासन प्रमुख–ज्ञानेन्द्र वाग्ले, सहकारी संस्थामा सुशासन तथा अनुपालना विषयमा सहकारी विभागका उपरजिष्ट्रार–नारायण प्रसाद ज्ञवाली, सहकारी संस्थाका कर दायित्व विषयमा सि.ए.–निर्मल बर्तौला, सहकारीमा बचत संकलन तथा ऋण व्यवस्थापन विषयमा डिभिजन सहकारी कार्यालय काठमाण्डौका बरिष्ठ सहकारी अधिकृत–आनन्द सारुले सहजीकरण गर्नु भएको थियो ।

सेमिनारको अन्तमा सहभागीहरुको तर्फवाट मन्तव्य राख्दै नेपाल बहुउद्देश्यि सहकारी संस्था लि.मेचिनगर, झापाकी लेखा समितिकी सदस्य रचना दाहाले सहकारी संस्थामा सुशासन कायम गराउन सेमिनार निकै उपलब्धिमुलक रहेको र कर सम्बन्धी सेसनको समय कम भएको बताउनु भएको थियो । सेमिनारको अन्तमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थीले सम्पूर्ण सहभागीहरुलाई सक्रियताका साथ कार्यक्रममा भाग लिनु भएकोमा धन्यवाद दिई सिकेका कुराहरु आ आफ्नो संस्थामा लागु गर्न अनुरोध गर्दै सेमिनारको समापन गर्नु भएको थियो ।

# संस्थागत सुशासन तथा अनुपालना सम्बन्धी सेमिनार

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. ले २०७४।१०।१६ गतेका दिन साझेदार वित्तीय मध्यस्थताको इजाजत प्राप्त गैर सरकारी संस्थाहरुका लागि संस्थागत सुशासन तथा अनुपालना सम्बन्धी सेमिनार सम्पन्न गरेको छ । उक्त सेमिनारमा वित्तीय मध्यस्थताको इजाजत प्राप्त गैर सरकारी संस्थाहरु लघुवित्त वित्तीय संस्थामा रुपान्तरणको अवस्था र सुशासन सम्बन्धमा नेपाल राष्ट्र बैंक,बैक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक श्री बम बहादुर मिश्र, नेपाल राष्ट्र बैंकमा पठाउनु पर्ने प्रतिवेदन सम्बन्धमा लघुवित्त वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक रत्नेश्वर कर्ण र सम्बन्धित नियामक निकायहरुसंगको सम्बन्ध र अनुपालना विषयमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.का का.मु नायब प्रमुख कार्यकारी अधिकृत श्री दानराज पन्तले सहजीकरण गर्नु भएको थियो । उक्त सेमिनारमा १२ जिल्लाका २० संस्थावाट २९ जनाको सहभागिता रहेको थियो ।

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.का अध्यक्ष श्री सुरेन्द्र राज रेग्मीको अध्यक्षतामा सञ्चालित दोश्रो सत्रको कार्यक्रममा सहभागी संस्थाका प्रतिनीधी र नियामक निकायका अधिकारीहरु विच अन्तरक्रिया भएको थियो । उक्त सेमिनारको अन्तरक्रिया कार्यक्रमका अतिथी तथा सहभागीहरुलाई फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थीले स्वागत गर्नु भएको थियो । सो पश्चात सहभागीहरुवाट जिज्ञासा राख्न लगाइएको थियो । सहभागीहरुवाट राखिएका जिज्ञासाहरु नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालय दुबैमा दर्ता हुनु पर्ने झण्झटीले प्रक्रिया, वित्तीय मध्यस्थताको इजाजत प्राप्त गैर सरकारी संस्थाहरु नै लघुवित्त वित्तीय संस्थामा रुपान्तरण हुने वा नयां कम्पनी दर्ता हुनु पर्ने ? संचालक नियुक्त भएको दिन गणना गर्दा , नियुक्त भएको दिन बाट नै गणना गर्ने हो वा सञ्चालकले सपथ लिएको दिनलाई गणना गर्ने हो ? जस्ता जिज्ञासाहरु राखेका थिए ।

सहभागीहरुवाट राखिएका सम्बन्धित जिज्ञासालाई नेपाल धितोपत्र बोर्डका उपनिर्देशक श्री दिपेश ताम्राकार, नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक श्री चन्द्र सिं साउद, कम्पनी रजिष्ट्रारको कार्यालयकी रजिष्ट्रार श्री गीता होमेगाई, नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री जनक बहादुर अधिकारी र निर्देशक श्री देव कुमार ढकाल, बैंक तथा वित्तीय संस्था नियमन विभागका

निर्देशक श्री बम बहादुर मिश्रले प्रष्ट पार्नु भएको थियो । जिज्ञासालाई प्रष्ट पार्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयकी रजिष्ट्रार श्री गीता होमेगाइले प्राइभेट कम्पनी र पब्लिक कम्पनीको उद्देश्य फरक हुने, कम्पनी ऐनको दफा १६६ मा कानूनी व्यक्ती र प्राकृतिक व्यक्ति सम्बन्धमा स्पष्ट पारिएको, मुनाफा नकमाउने गै.स.स र मुनाफा कमाउने लघुवित्त वित्तीय संस्थाहरु विच मर्ज हुन नसक्ने, संचालक नियुक्त भएको शुरु दिनलाई नै नियुक्त भएको दिन गणना हुने धारणा व्यक्त गर्नु भएको थियो । त्यसै गरि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक श्री बम बहादुर मिश्रले अबका दिन FINGO को FI (वित्तीय संस्था रNGO (गैर सरकारी संस्था)पूर्णरुपमा अलग हुने धारणा राख्नु भएको थियो । त्यसै गरि नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री जनक बहादुर अधिकारीले वित्तीय कारोवारका लागि इजाजत पत्र प्राप्त गै.स.स र वित्तीय संस्थामा संस्थागत आचरण र सुशासन फरक हुने हुदा अब लघुवित्तमा रुपान्तरण हुने गै.स.स.ले यसमा विशेष ध्यान दिन सुझाव राख्नु भएको थियो ।




कार्यक्रमको अन्तमा फर्स्टमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मिले सम्पूर्ण अतिथी तथा सहभागीहरुलाई सेमिनारमा सक्रिय सहभागिता जनाएकोमा आभार प्रकट गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

## कोहलपुरमा शाखा व्यवस्थापन तालिम

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. ले २०७४।११।२१ र २२ गतेका दिन साझेदार लघुवित्त तथा सहकारी संस्थाका शाखा प्रबन्धकहरुका लागि शाखा व्यवस्थापन तालिम सम्पन्न गरेको छ । साझेदार संस्थाका शाखा कार्यालयहरुको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ आयोजना गरिएको उक्त तालिममा १९ संस्थाका ३३ जनाको सहभागिता रहेको थियो । उक्त तालिमका सहभागीहरुलाई फर्स्ट माइक्रोफाइनान्सका का.मु.नायब प्रमुख कार्यकारी अधिकृत श्री दानराज पन्तले स्वागत गर्दै तालिम कार्यक्रमको औचित्य माथी प्रकाश पार्नु भएको थियो । स्थानीय साझेदार संस्थाका तर्फवाट तालिमका सहभागीहरुलाई अनुभव आदन प्रदान गर्ने क्रममा महिला उपकार मञ्च बांकेकी व्यवस्थापन प्रमुख शारदा पोखरेलले आफ्नो संस्थाले लघुवित्त कार्यक्रममा गरेका प्रगति बारेमा जानकारी गराउनु भएको थियो । सोही क्रममा उहाँले शाखा प्रबन्धकहरु संस्थाको दायित्व नभई सम्पत्ति हुने गरि काम गर्नु पर्नेमा जोड दिनुभएको थियो । उक्त तालिमका विषय बस्तु तथा सहजकर्ताहरुमा कार्यालय व्यवस्थापन (जनसम्पर्क, प्रभावकारी सञ्चार, कर्मचारी व्यवस्थापन, कार्यालय सजावट) र नेतृत्व विकास (शाखा प्रबन्धकहरुको भूमीका तथा जिम्मेवारी)विषयमा फर्स्ट माइक्रोफाईनान्सका व्यवसाय विकास तथा सामान्य सेवा प्रमुख–बाबुराम न्यौपाने, कर्जा व्यवस्थापन (कर्जा विश्लेषण,कर्जा सदुपयोगिता निरीक्षण,भाखा नाघेको ऋण व्यवस्थापन) विषयमा कर्जा प्रशासन प्रमुख–ज्ञानेन्द्र वाग्ले, लघुवित्त संस्थामा जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली र वित्तीय विश्लेषण(कार्यकुशलता,उत्पादकत्व र कर्जाको गुणस्तर)विषयमा फर्स्ट माइक्रोफाइनान्सका का.मु.नायब प्रमुख कार्यकारी अधिकृत श्री दानराज पन्त,केन्द्र व्यवस्थापन तथा भाखा नाघेको कर्जा सम्बन्धी नेपाल ग्रामीण विकास बैकको अनुभव आदन प्रदान श्री मोतीराज खनाल क्षेत्रीय प्रबन्धक,नेपाल ग्रामीण विकास बैक धनगढी, योजना तथा बजेट तर्जुमा सम्बन्धी अनुभव आदन प्रदान श्री विशाल के.सी बरिष्ठ व्यवस्थापक,बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था, सुर्खेत र धितो मूल्यांकन विषयमा फर्स्ट माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत

श्री भेष राज पन्थीले सहजीकरण गर्नु भएको थियो । सहभागीहरुको तर्फवाट तालिमको मूल्यांकन मन्तव्य राख्दै विजय लघुवित्त वित्तीय संस्था बागेश्वरी शाखा, बाँकेका शाखा प्रबन्धक श्री डण्ड बहादुर चन्दले तालिम अपेक्षा गरे भन्दा बढि उपलब्धीमूलक रहेको बताउनु भएको थियो । त्यसै गरि महिला सहभागीहरुको तर्फवाट तालिमको मूल्यांकन मन्तव्य राख्ने क्रममा महिला उपकार मञ्चकी निर्मला खत्रीले तालिमले लघुवित्तको फिल्ड लगायत कार्यालय भित्रका व्यवस्थापन सम्बन्धी कार्यहरुको वारेमा प्रष्ट भएको बताउनु भएको थियो । तालिमका सहभागीहरुलाई सहभागिताको प्रमाण पत्र वितरण गर्दै फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थीले सम्पूर्ण सहभागीहरुलाई सक्रियताका साथ कार्यक्रममा




भाग लिनु भएकोमा धन्यवाद दिई सिकेका कुराहरु आ आफ्नो शाखामा लागु गर्न अनुरोध गर्दै तालिमको समापन गर्नु भएको थियो ।

# International Events related to Microfinance

**07 May 2018 - 09 May 2018**

## Making Microfinance Work : Managing Product Diversification

**Turin, Italy**
**07 May 2018 - 11 May 2018**

## SG2018: The Power of Savings Groups

**Kigali, Rwanda**
**22 May 2018 - 24 May 2018**

## Summer 2018 Masterclass: Executive Microfinance & Financial Inclusion

**London, United Kingdom**
**04 Jun 2018 - 08 Jun 2018**

## Microfin Web Based Training

**Distance Learning**
**18 Jun 2018 - 22 Jun 2018**

## Financial Analysis for Microfinance Practitioners in Asia

**Kuala Lumpur, Malaysia**
**18 Jun 2018 - 22 Jun 2018**

## Widening Microfinance & Financial Inclusion for the Missing Middle: Small & Medium Enterprises (SMEs)

**London, United Kingdom**
**18 Jun 2018 - 22 Jun 2018**

## Building Effective Financial Systems to Support Inclusive Finance

**Training**
**London, United Kingdom**
**25 Jun 2018 - 29 Jun 2018**

## Business Planning With Microfin

**Accra, Ghana**
**25 Jun 2018 - 29 Jun 2018**

## Agriculture Value Chain for Microfinance and SME Practitioners

**Bali, Indonesia**
**26 Jun 2018 - 28 Jun 2018**

### Institutional Strengthening of Savings and Credit Cooperatives (SACCOs)
**Nairobi, Kenya**
**02 Jul 2018 - 06 Jul 2018**

### The Micro, SME & Housing Finance Summer Academy
**Frankfurt am Main, Germany**
**09 Jul 2018 - 13 Jul 2018**

### Financial Analysis for Microfinance Practitioners
**Kathmandu, Nepal**
**16 Jul 2018 - 20 Jul 2018**

### Boulder Microfinance Training (MFT) Program Featuring Digital Financial Services Concentration
**Turin, Italy**
**23 Jul 2018 - 03 Aug 2018**